मिति २०८२।०९।०९ गतेको कार्यपालिकाको १६७ औ बैठकमा छलफलका विषयहरु:

निर्णय नं. १ : लमही नगरपालिकाको आगामी १८ औं नगर सभा मिति २०८२।०९।२४ गते बिहिबार विहान ११ बजे सञ्चालन गर्ने।

निर्णय नं. २ : नगरपालिकाको कार्यक्रम बारेमा भएको समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रमको समिक्षा सम्वन्धमा गहन छलफल गरी देहाय वमोजिम गर्ने।

तपशिल:

(क) यस नगरापालिका अन्तर्गतका सबै कार्यालयहरुमा क्षतिपुर्ति सहितको नागरिक वडापत्र लागु गर्ने/गराउने।

(ख) यस नगरापालिका वडा नं ५ स्थित निर्माण भएको भ्यूटावरको मर्मतसंभार र व्यवस्थापनको लागि पूर्वाधार विकास समितिले अध्ययन गरी प्रतिवेदन पेश गर्ने ।

निर्णय नं. ३ : स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ५ र स्थानीय सेवा नियमावली, २०८१ को नियम १३ मा भएको व्यवस्था वमोजिम यस लमही नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) सम्पन्न गर्ने गरी प्रक्रिया अगाडी बढाउने।

निर्णय नं. ४ : लमही नगरपालिका भित्रका सडक नालीको सरसफाईको प्रयोजनको लागि आवश्यक वकेट थान १ (एक) खरिद गर्ने।

निर्णय नं. ५ : लमही नगरपालिकाको चालु आर्थिक वर्ष २०८२।८३ को राजस्व संकलन तथा तथा व्यवस्थापन सम्वन्धमा तपशिल वमोजिम गर्ने ।

तपशिल:

(क) यस नगरपालिका र अन्तर्गतका सबै कार्यालयहरुवाट गरिने खरिद कार्य तथा विविध खर्चको बिल पेश गर्ने व्यवसाय,फर्म/कम्पनी/प्रा.ली. तथा संघसंस्थाहरुलाई अनिवार्य रुपमा नगरपालिका वा अन्तर्गतका वडा कार्यालयहरुमा व्यवसाय दर्ता/ईजाजत पत्र तथा नविकरण गर्न अनिवार्य गर्ने/गराउने। नगरपालिका वा वडा कार्यालयमा दर्ता/नविकरण भएको फर्म/प्रा.लि संग मात्र कारोवार गर्ने गराउने। नगपालिका/वडा कार्यालय स्वास्थ्य संस्था सामुदायिक विद्यालयहरुले कारोबार गर्दा नगरपालिका न पा/वडा कार्यालय दर्ता नविकरण गराएर मात्र भुक्तानीका लागि पेश गर्ने। न पा/वडा कार्यालयसंग दर्ता/नविकरण नभएका फर्म/प्रा लिका बिल नगरपालिकाले भुक्तानी नगर्ने। यसै कारणले भुक्तानी विलम्व हुन गएमा सोको जिम्मेवारी र जवाफदेहीता सम्वन्धित कार्यक्रम संचालन गर्ने कर्मचारी/शाखा प्रमुख/संस्था/वडा सचिव/वडा कार्यालय हुने।

(ख) यस नगरापालिका अन्तर्गतका सबै नीजि व्यवसायहरु, सहकारी संस्थाहरु, बैंक तथा वित्तीय संस्थाहरुको दर्ता/ईजाजत पत्र प्रदान गर्ने/नविकरण गर्ने कार्य नगरपालिका र मातहतका कर्मचारीहरु परिचालन गरी व्यवसाय कर संकलन गर्ने कामलाई अभियानको रुपमा सञ्चालन

प्रशासकीय अधिकृत

नगर प्रमुख

गर्ने/गराउने। दर्ता/नविकरण अभियानमा खटिएका कर्मचारीहरुलाई संकलन भएको राजस्वको १० % रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने।

(ग) यस नगरापालिका अन्तर्गतका फोहोर संकलनको लागि सरसफाईका गाडी पुग्ने घर, कार्यालयहरु, नीजि व्यवसायहरु, सहकारी संस्थाहरु, बैंक तथा वित्तीय संस्थाहरुको संग सरसफाई शुल्क संकलनको कार्य नगरपालिकाका नगर प्रहरी र सरसफाईका कर्मचारीहरु परिचालन गरी सरसफाई शुल्क संकलन अभियान सञ्चालन गर्ने/गराउने। सरसफाईमा शुल्क संकलन अभियानमा खटिएका कर्मचारीहरुलाई संकलन भएको राजस्वको १० % रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने।

(घ) नदिजन्य पदार्थको चोरी निकासी नियन्त्रण तथा व्यवस्थापण गर्ने, गराउने सन्दर्भमा टोल विकास संस्था, युवा क्लब तथा सामुदायिक संस्थाहरु, नगर प्रहरी र सुरक्षा निकायसंग समन्वय गरी अनुगमन र नियमनको कार्यलाई तिव्रता दिने। चोरी निकासी गर्ने प्रयोजनले नदि,खोलामा टेक्टर, टिप्पर वा अन्य साधन फेल पार्ने कर्मचारी, टोल विकास संस्था वा सुरक्षा निकाय वा नेपाल सरकारको प्रचलित कानुन अनुसार दर्ता/नविकरण भई प्रचलनमा रहेका जुन सुकै सामाजिक व्यापारिक/संघसंस्थाहरुलाई तपशिल बमोजिम जरिवानाको देहायानुसार प्रोत्साहन रकम उपलब्ध गराउने।

तपशिल:

| क्र.स | सवारी साधन नियन्त्रणमा लिएको विवरण | प्रोत्साहन रकम पाउने | प्रोत्साहन रकम |
|---|---|---|---|
| १ | टेक्टर, टिप्पर वा अन्य साधन सुरक्षा निकायले फेला पारी नियन्त्रणमा लिइ नगरपालिकामा जरीवानाको लागि बुझाएमा | सम्बन्धित सुरक्षा निकाय | जरिवानाको २० प्रतिशत |
| २ | टेक्टर, टिप्पर वा अन्य साधन नगर प्रहरीले फेला पारी प्रहरीमा बुझाएमा | सम्बन्धित सुरक्षा निकाय | जरिवानाको ५ प्रतिशत |
| | | सम्बन्धित नगर प्रहरी कर्मचारी | जरिवानाको १० प्रतिशत |
| ३ | टेक्टर, टिप्पर वा अन्य साधान टोल विकास संस्था/ युवा क्लब तथा प्रचलित कानुन अनुसार दर्ता नविकरण भई प्रचलनमा रहेका सामाजिक/व्यापारिक संघसंस्था/युवाक्लव, सामुदायिक संस्थाहरुले फेला पारी सुरक्षा निकायमा बुझाएमा | सम्बन्धित सुरक्षा निकाय | जरिवानाको ५ प्रतिशत |
| | | सम्बन्धितटोल विकास संस्था/ युवा क्लब तथा व्यापारिक आदी सामुदायिक संस्थाहरु | जरिवानाको १० प्रतिशत |

मिति २०८२।०९।०९ गतेको कार्यपालिकाको १६७ औ वैठकमा छलफलका विषयहरु:

| क.स | सवारी साधन नियन्त्रणमा लिएको विवरण | प्रोत्साहन रकम पाउने | प्रोत्साहन रकम |
|---|---|---|---|
| ४ | टेक्टर, टिप्पर वा अन्य साधन सुरक्षा र नगर प्रहरीको संयुक्त गस्तीवाट फेला पारी नियन्त्रणमा लिइ नगरपालिकामा जरीवानाको लागि बुझाएमा | सुरक्षा निकाय,लमही दाङ | १० प्रतिशत |
| | | नगर प्रहरी | १० प्रतिशत |
| ५ | सार्वजनिक स्थलमा फोहोर मैला गर्ने व्यक्ति/व्यापारी/व्यवसायीहरुलाई लक्षित गरी कारवाही गर्ने कार्यमा सहयोग समन्वय र व्यवस्थापन गर्ने टोल विकास संस्थालाई प्रोत्साहन रकम | | फोहोर मैला व्यवस्थापन ऐन अनुसार जरिवाना रकमको १० प्रतिशत रकम उपलब्ध गराउने |

(ङ) घर/जग्गा/टहराको वहाल कर व्यवस्थित गरी संकलन गर्न टोल विकास संस्थालाई आपसी सम्झौता/सहमतीमा जिम्मेवारी वनाउने/संकलित राजस्व (वहाल कर)को १० % रकम बहाल कर उठाने टोलविकास संस्थाको संस्थागत क्षमता सुदृढीकरणको लागि उपलब्ध गराउने।

(च) नगर प्रमुख/उपप्रमुख/प्रमुख प्रशासकीय अधिकृत/नगर प्रहरी परिचालित सवारी चालकलाई अतिरिक्त समय परिचालन प्रोत्साहन भत्ता २०८२ साल पुष महिना देखि लागु हुने गरी मासिक देहाय अनुसार उपलब्ध गराउने।

तपशिल:

| क.स | पदाधिकारी | मासिक भत्ता | सेवा शर्त |
|---|---|---|---|
| १ | नगर प्रमुख | ७०००। | मासिक ३० दिनलाई आधारमा भ्रमण काज खटिएको अवधीलाई दामासाहीले घटाई/कटाई उपलब्ध गराउने। |
| २ | उप्रमुख | ६०००। | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | ५०००। | |
| ४ | नगर प्रहरी परिचालन | ५०००। | |
| ५ | पालिकाको नगर सभाहल,नियमित सरसफाई तथा व्यवस्थापन गर्ने कर्मचारी लाई हल भाडाको १० प्रतिशत रकम | | |

निर्णय नं. ६ : लमही नगरपालिका अन्तर्गतका विभिन्न विषयगत समितिको प्रतिवेदन माथि छलफल गर्दा तपशिल बमोजिम गर्ने।

तपशिल:

६.१ आर्थिक विकास समिति तर्फ:

(क) कृषि विकास शाखाको चालु आ.व २०८२/०८३ को लागी धानको उन्नत/हाइब्रिड बीउ वितरण कार्यक्रम अन्तर्गत तपशिलकोधानको जात छनोट गर्ने.

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

मिति २०८२।०९।०९ गतेको कार्यपालिकाको १६७ औ बैठकमा छलफलका विषयहरु:

१. महेन्द्र(एम.पि)३०३०,F1

२. एम.पि. आर ५०५, F1

३. यु.यस ३१२, F1

४. एराइज ६४४४ गोल्ड,F1

५. हर्दिनाथ ६

(ख) कृषि विकास शाखाको आ.व २०८२/०८३ मा संघीय सशर्त वजेट अन्तर्गत सिंचित क्षेत्रमा चैते धान प्रवर्द्धन कार्यक्रम अन्तर्गतको कार्यक्रममा समावेश हुन ईच्छुक कृषकहरुले न्युनतम ५ कठ्ठा जग्गामा चैते धान खेति गर्ने।

(ग) कृषि विकास शाखा अन्तर्गत कृषि सामग्री कम्पनी लि. र साल्ट ट्रेनिङ कर्पोरेसन लि. वाट प्राप्त अनुदानित रासायनिक मल यस नगरपालिका भित्रका विभिन्न सहकारीलाई बाडफाड गर्दा मल आपुर्ति तथा वितरण व्यवस्थापन समितिले सवै वडाका वडा अध्यक्ष वा वडाका प्रतिनिधि ज्यूहरुलाई बोलाउने।

(घ) वजारमा गल्ने/नगल्ने फोहोर संकलन/व्यवस्थापन गर्ने कार्यमा लमही न.पा. वार्ड ५ का श्री दिपा चौधरी लाई दैनिक ज्यालादारीमा काम काजमा लगाउने ।

(ङ) पशु सेवा शाखा अन्तर्गतको नवनिर्मित भवनबाट सेवा प्रवाह कार्य सुरु गर्ने ।

(च) सर्प नियन्त्रण ,उद्धार तथा सुरक्षित आश्रय स्थाल पुनस्थापन गर्ने जोखिमयुक्त कार्यमा संलग्न पत्रकार शिवु सनाल लाई निजको प्रेरणादायी अनुकरणीय एवं संवेदनशिल कार्यलाई उत्प्रेरित र थप हौसला प्रदान गर्न सर्प नियन्त्रन,उद्धार तथा पुनःस्थापना कार्यमा अत्यावश्यक सुरक्षा सामग्री उपलब्ध गराउने ।

६.२ सार्वजनिक सेवा प्रवाह तथा समिति तर्फ:

(क) आयोजनाहरु व्यवस्थापन गर्ने सम्वन्धमा उपभोक्ता समिति/टोल विकास संस्थाको वडास्तरीय अभिमुखीकरण गर्ने ।

(ख) आयोजनाहरु व्यवस्थापनका सन्दर्भमा वडास्तरीय अभिमुखीकरण हुनु भन्दा अगाडी नगरपालिकाका जनप्रतिनिधी, योजना शाखा, प्राविधिक शाखा, लेखा शाखा लगायतका कर्मचारीहरु संगको सयुक्त बैठक बस्ने।

(ग) स्वास्थ्य संस्थाहरुमा नागरिक वडापत्रहरु, उजुरी पेटीका व्यवस्था गर्ने ।

(घ) लमही अस्पतालको सुरक्षा व्यवस्था मिलाउन आवश्यक सेकुरेटी गार्डको व्यवस्था मिलाउने।

निर्णय नं. ७ : विभिन्न संघ संस्थाहरुको निवेदन र वडा कार्यालयको सिफारिस बमोजिम तपशिलअनुसार आर्थिक सहयोग उपलब्ध गराउने ।

तपशिल:

प्रमुख प्रशासकीय अधिकृत        नगर प्रमुख

३४ श्री शिवराम चौधरी    फायरम्यान

मिति २०८२।०९।०९ गतेको कार्यपालिकाको १६७ औ बैठकमा छलफलका विषयहरु:

| क.स | सहायता दिने व्यक्ति वा संस्था | सहयोगी दिनु पर्ने प्रयोजन र कारण | सहयोग विवरण रकम रु | कै |
|---|---|---|---|---|
| १ | भिम बहादुर कुमाल, लमही न.पा ९ | शारीरिक अपाङ्गता भएको र आर्थिक अवस्था कमजोर भएको | रू. २०,०००/- | |
| २ | जय महांकाल युवा समुह, जिल्ला शाखा दाङ | लमही ९ बगार बाबा धाम रिहारमा १ महिनाको लागि निःशुल्क भोजन प्रसादी बितरण गर्नु पर्ने भएको र उक्त समुहको आर्थिक अवस्था कमजोर भएको | रू. २५,०००/- वरावरको राशन दिने | |
| ३ | सन्तोष चौधरी, लमही न.पा ८ | निवेदकको पत्नी गिता चौधरीको दुवै मृगौला खराब भई उपचार गर्नु पर्ने भएको र घरको आर्थिक अवस्था कमजोर भएको | रू. २०,०००/- | |
| ४ | शारादा प्रसाद चौधरी, लमही न.पा ३ | कलेजो प्रत्यारोपण गरेको र घरको आर्थिक अवस्था कमजोर भएको | रू. २०,०००/- | |

निर्णय नं. ८:जिल्ला समन्वय समितिको कार्यालय, घोराही, दाङको लागि यस कार्यालयको तर्फ देखि थान १ प्रोजेक्टर (Projecter) खरिद गरि उपलब्ध गराउने ।

निर्णय नं. ९:जिल्ला समन्वय समितिको कार्यालय, घोराही, दाङबाट उपलब्ध हुने १ करोड रकम लमही अस्पतालको स्तरोन्तीको लागि खर्च गर्ने ।

निर्णय नं. १०: नेपाली सेना अर्जुनखोला र वडा प्रहरी कार्यालय, लमहीमा आवश्यक शौचालय निर्माणको लागि बजेट व्यवस्था गर्ने।

निर्णय नं. ११ :लमही नगरपालिका १ नं. वडा कार्यालयको सिफारिस पत्रानुसार लमही नगरपालिका वडा नं. १ अन्तर्गत पर्ने साविक सोनपुर गा.वि.स. वडा नं. ८।क, कि.नं २७५९ ज.वि. ७५६.६२ वर्ग मिटर क्षेत्रफल भएको जग्गा निलकमल सामाजिक उद्यमी महिला सहकारी संस्था लि. ले आफ्नो संस्था कार्यालय प्रयोजनको लागि खरिद गर्न लागेको हुनाले लुम्बिनी प्रदेशको प्रदेश आर्थिक ऐन, २०८२अनुसुची-१ को ग (१२) मा भएको व्यवस्था बमोजिम उक्त जग्गा मध्ये ३ कठ्ठा जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क नियमानुसार छुट गरिदिनु हुन भनी मालपोत कार्यालय लमहीमा सिफारिस गर्ने।

निर्णय नं १२ :लमही नगरपालिका ८ नं वडा कार्यालयको सिफारिस अनुसार उक्त वडाको तपशिल बमोजिमको आयोजन तथा कार्यक्रम आगामी नगर सभाबाट अनुमोदन गरी संशोधन गर्ने ।

तपशिलः

| साविकको योजना | बजेट | संशोधित थप योजना | बजेट |
|---|---|---|---|

२०८२।९।९

नगर प्रमुख

मिति २०८२।०९।०९ गतेको कार्यपालिकाको १६७ औ बैठकमा छलफलका विषयहरु:

| | | | |
|---|---|---|---|
| गोझेना अधुरो महिला भवन निर्माण | १४,००,०००।- | गोझेनामा सामुदायिक भवन निर्माण | १०,००,०००।- |
| | | गोझेना सामुदायिक मर्मत तथा फिनिसिङ्ग | ४,००,०००।- |
| सतवरीया स्वास्थ्य चौकी बर्थिङ्ग सेन्टर भवनको मर्मत भौतिक निर्माण | १५,००,०००।- | गोझेना सामुदायिक मर्मत तथा फिनिसिङ्ग | ३,००,०००।- |
| | | सतवरीया स्वास्थ्य चौकी बर्थिङ्ग सेन्टर भवनको मर्मत भौतिक निर्माण | १२,००,०००।- |
| जम्मा | २९,००,०००।- | | २९,००,०००।- |

निर्णय नं १३: लमही नगरपालिका अन्तर्गत तपशिल वमोजिम नदीजन्य पदार्थ नगर स्तरिय नियमन,नियन्त्रण तथा अनुगमन समिति गठन गर्ने।

तपशिल:

१. श्री लक्ष्मी योगी, लमही नगरपालिका उपप्रमुख -संयोजक
२. श्री दामोदर पौडेल,लमही नगरपालिका १ नं. वडा अध्यक्ष -सदस्य
३. श्री मनोज कुमार चौधरी,लमही नगरपालिका ३ नं. वडा अध्यक्ष -सदस्य
४. श्री सुवास न्यौपाने,लमही नगरपालिका ४ नं. वडा अध्यक्ष -सदस्य
५. श्री ओम प्रकास सुवेदी,लमही नगरपालिका ५ नं. वडा अध्यक्ष -सदस्य
६. श्री श्याम नारायण चौधरी,लमही नगरपालिका ६ नं. वडा अध्यक्ष -सदस्य
७. श्री किरण चौधरी,कार्यपालिका सदस्य(वडा नं. १ वडा सदस्य) -सदस्य
८. श्री तुलसी वि.क.,कार्यपालिका सदस्य(वडा नं. ४ वडा सदस्य) -सदस्य
९. श्री राजस्व शाखा प्रमुख -सदस्य सचिव

निर्णय नं १४: संघ/प्रदेशवाट पूर्वाधार तर्फ प्राप्त बजेट तथा कार्यक्रमहरु कार्य समापन गर्दा स्थानीय सरकार/लमही नगरपालिकाको आयोजनाको प्रकृति अनुसार २०-२५ प्रतिशत थप रकमको श्रोत सुनिस्चितता गरी सो वरावरको रकम वढाई लागत अनुमान तयार गरी आयोजना सम्पन्न गर्ने ।

निर्णय नं १५: लमही नगरपालिकाको स्वीकृत रिक्त दरबन्दीमा सेवा करारमा पदपुर्तिको लागि १५ दिने सार्वजनिक सुचना प्रकाशन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख